# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः ..................

च.नं.: ..........................

मिति : २०७६/०९/०८

## बी.ए.एलएल.बी. (सिमिस्टर सिस्टम) प्रथम वर्ष २०७६ समूहको भर्ना सम्वन्धी सूचना

त्रि.वि. कानून संकायद्वारा मिति २०७६ साल आश्विन ०८ गते **बी.ए.एलएल.बी. सिमिस्टर प्रणाली**मा भर्नाका लागि लिइएको प्रवेश परीक्षामा सञ्चालित प्रवेश परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुको लिखित प्रवेश परीक्षाको नतिजाको आधारमा मिति २०७६ मंशिर ३० गते त्रि.वि. कानून संकाय, डीनको कार्यालयबाट प्रकाशित नतिजामा योग्यताक्रमानुसार नाम प्रकाशित भएका परीक्षार्थीहरुले यस क्याम्पसमा भर्ना हुनका लागि १०५ सिट संख्याको लागि **मिति २०७६ पौष ०८ गते मंगलबार देखि २०७६ साल पौष १५ गते मंगलबार दिनको ३:०० बजे भित्र** बी.ए.एलएल.बी. शाखाबाट **निशुल्क** उपलब्ध गराइएको आवेदन फाराम भरी निवेदन दिन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त निवेदन जाँचबुझ गरी भर्नाका लागि **मिति २०७६ साल पौष १६ गते बुधबार** सूचि प्रकाशित गरिनेछ। तोकिएको मिति तथा समयपछि प्राप्त हुन आएको निवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा समेत सूचित गरिन्छ। योग्यता क्रममा रहेका विद्यार्थीले यस सूचना बमोजिम निवेदन नदिएमा पछि दोश्रो सूचिको प्रयोजनार्थका लागि छुट्टै आवेदन लिइने छैन। यसै सूचनाका आधारमा प्राप्त निवेदनमा तय भएको सूची बाटै योग्यता क्रमका आधारमा भर्ना लिइने व्यहोरा समेत सूचित गरिन्छ।

डा. डी.एन. पराजुली

क्याम्पस प्रमुख

क्याम्पस प्रमुख